कृषि, वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
# पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय
आधाभार, बारा

**नेचर गाइड (प्रकृति पथ प्रर्दशक) परिचयपत्र दर्ता सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८३।०४।२० गते)**

२०८३।४।२०
वरिष्ठ संरक्षण अधिकृत

प्रस्तुत विषयमा यस पर्सा राष्ट्रिय निकुञ्ज तथा यसको मध्यवर्ती क्षेत्रमा आउने पर्यटकलाई गाइड सेवा दिनको लागि इच्छुक नेचर गाइड (प्रकृति पथ पर्दशक) तालिम लिइएका व्यक्तिहरुले आ.व. २०८३।८४ को लागि नेचर गाइड (प्रकृति पथ पर्दशक) परिचय पत्र लिनको लागि तपसिलका शर्तहरुको अधिनमा रही आवश्यक कागजातका साथमा यस राष्ट्रिय निकुञ्ज कार्यालयमा आ आफनो नेचर गाइड (प्रकृति पथ पर्दशक) परिचय पत्रको लागि यस सूचनाको मितिले १५ (पन्ध्रह) दिनभित्र (मिति २०८३।०५।०३ गतेभित्र) निवेदन दिनु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल :</u>**

क. नेचर गाइड (प्रकृति पथ पर्दशक) परिचय पत्र प्राप्तीको लागि सम्वद्ध बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१ को अनुसूची १ अनुसार गाइड सेवा उपलब्ध गराए वापत लाग्ने शुल्क प्रति गाइड प्रति वर्ष रु.१,५००।- (एक हजार पाँच सय रुपैयाँ मात्र) बुझाउनु पर्नेछ ।

ख. नेचर गाइड (प्रकृति पथ पर्दशक) परिचय पत्रको लागि सम्वन्धित व्यक्ति स्वयं यस निकुञ्ज कार्यालयमा उपस्थित हुनु पर्नेछ ।

ग. नेचर गाइड (प्रकृति पथ पर्दशक) हरुले राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रसंग सम्वन्धित विद्धमान ऐन, नियम, निर्देशिका, तोकिएको शर्तहरु बमोजिमका काम कर्तव्य पालना गर्नु पर्नेछ साथै यस अगाडि पनि निकुञ्जसंग सम्बन्धित ऐन कानूनको उल्लघंन नगरेको र संरक्षण विरोधी क्रियाकलापमा संलग्न नभएको हुनु पर्ने छ ।

**<u>नेचर गाइड (प्रकृति पथ प्रर्दशक) परिचय पत्रको लागि आवश्यक कागजातहरु :</u>**

१. नेचर गाइड (प्रकृति पथ पर्दशक) तालिम लिइएको प्रमाणपत्रको प्रतिलिपी १ (एक) प्रति ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी १ (एक) प्रति ।

३. फोटो (पासपोर्ट साइज) ३ (तीन) प्रति ।

४. सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सिफारिस पत्र ।

५. भविष्यमा निकुञ्ज र संरक्षण विरुद्ध कुनै पनि गतिविधिमा संलग्न नहुने व्यहोराको प्रतिबद्धता पत्र ।

पेश हुन आएका कागजातहरुका आधारमा पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले आवश्यक मूल्याङ्न गरी नेचर गाइड ( प्रकृति पथ पर्दशक) परिचय पत्र प्रदान गर्ने/नगर्ने निर्णय गर्नेछ । नेचर गाइड दर्ता गर्ने क्रममा कुनै कुरा बुझ्नु पर्ने भएमा राष्ट्रिय निकुञ्ज कार्यालयले सम्बन्धित व्यक्तिलाई मौखिक वा लिखित सोधपुछ गर्न सक्नेछ ।

पुनश्च : नेचर गाइड (प्रकृति पथ पर्दशक) परिचय पत्र दर्ता यस पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयको मुख्यालय, आधाभार, बाराबाट मात्र हुने र यस कार्यालयबाट अनुमति प्राप्त नेचर गाइड (प्रकृति पथ पर्दशक) हरुले मात्र निकुञ्जमा गाइडको काम गर्न पाउने छन् ।